**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९/८० सालको निर्णय नं. ४७०**

**पुनरावेदन नं. ०७७-RB-०२८७**

**पनुरावेदन दर्ता मितिः-२०७७।०७।१६**

**मुद्दाः– अग्रिम कर (आ.व. २०७१/७२)।**

नेपाल पर्यटन वोर्ड, भृकुटी मण्डप (पान नं. ५०००५२५६९) काठमाडौंको तर्फबाट अख्तियारी प्राप्त ऐ.का कार्यकारी प्रमुख धनञ्जय रेग्मी....................................१ } पुनरावेदक

**विरुद्ध**

ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपूर............................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालय :- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारी :- प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मिति :- २०७६।०३।०५

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालय :- आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं

निर्णय गर्ने पदाधिकारी :- महानिर्देशक श्री विनोद बहादुर कुँवर

निर्णय मिति :- २०७७।०३।०७

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :- ×

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट :- विद्वान उप न्यायाधिवक्ता श्री तारा सिंह धामी, विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः- ×**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६।०३।०५ मा भएको अग्रिम कर माग गर्ने निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०३।०७ मा भएको निर्णय समेत उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम पर्न आएको यो पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. करदाता श्री नेपाल पर्यटन वोर्डले आ.व. २०७१/७२ को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार कर योग्य आय रु.५५,९९,२८,२८६।६४ कायम गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७५।०८।२७ मा आय विवरण पेश गरेको।

२. आन्तरिक राजस्व विभागको मिति २०६५।११।०८ को परिपत्र बमोजिम आ.व. २०७१/७२ को लागि कर परीक्षणको क्रममा करदाताबाट पेश हुन आएका र आय विवरणसाथ संलग्न फाँटवारी तथा कागजातहरु अध्ययन, छानविन गरी सो समेतको आधारमा पेश हुन आएको कर प्रतिवेदन समेतबाट करदाताको आ.व. २०७१/७२ को लागि आयकर ऐन, २०५८ बमोजिम अग्रिम कर कट्टी गरी दाखिला गर्नु पर्नेमा सो नगरेकोले सोही ऐनको दफा ९०(८) अनुसार रु.७१,५१,७५६।६० दाखिला गर्नु पर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिन भित्र पेश गर्न सोही ऐनको दफा ९०(८) बमोजिम विस्तृत व्यहोरा खुलाई च.नं. ४२७ को पत्रबाट मिति २०७६।०२।१७ मा करदातालाई जारी गरिएको सूचना।

३. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मिति २०७६।०२।१७ मा जारी गरिएको सूचना करदाताले मिति २०७६।०२।१७ मा वुझिलिई सोको लिखित जवाफ पेश गरेको।

४. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट जारी भएको अग्रिम कर कट्टी सम्बन्धी सूचनाका बुँदाहरुमा कुनै परिवर्तन गर्नुपर्ने नदेखिएकोले सोही बमोजिम करदाताको आ.ब. २०७१/०७२ को लागि आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम रु. ७१,५१,७५६।६० अग्रिम कर दाखिला गर्न करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७६/०३/०५ मा खडा भएको निर्णय पर्चा।

५. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६।०३।०५ मा जारी गरेको आ.ब २०७१/०७२ को अग्रिम आयकर तर्फको कर निर्धारण आदेशमा चित नबुझाई

करदाता श्री नेपाल पर्यटन वोर्डले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६।०४।२९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. करदाताले पारिश्रमिक शिर्षकमा माग भएको कर दाखिला गरिसकेको हुँदा पुनः माग गर्न नमिल्ने भनी लिएको जिकीर प्रमाणको अभावमा पुग्न नसक्ने ठहर्छ, करदाताले पर्यटन सेवा शुल्क असुल तथा संकलन कार्यविधि, २०६६ अनुरुप वीजक जारी गरिएको १५ दिन भित्रमा सेवा शुल्क सम्पूर्ण भुक्तानी गरेमा एयरलाइन्सलाई छुट दिएको रकममा अग्रिम कट्टी गर्नु नपर्ने भनी लिएको जिकीर आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम पुग्न नसक्ने, कार्यालयले कर्मचारीलाई ऋण दिएको रकमलाई सम्बन्धित कर्मचारीको पारिश्रमिक आयमा समोवश गरी पारिश्रमिक कर गणना नगरी एकमुष्ट रूपमा २५ प्रतिशत माग गरेको र सो रकम समेत के कसरी गणना गरेको भन्ने स्पष्ट नखुलेको हुँदा ऋण सुविधा अन्तर्गत कर्मचारीले प्राप्त गरेको अतिरिक्त सुविधा रकमको यकिन गरी नियमानुसार पुनः अग्रिम कर निर्धारण गर्नुपर्ने, निवेदकले प्रहरी कल्याण कोषसँग डिजेल, पेट्रोल लगायतको वस्तु खरिद गर्दा करार वा ठेक्का अन्तर्गत उक्त वस्तु खरिद गरेको नदेखिंदा ठेक्का वा करार अन्तर्गत नरही बजारवाट सोझै वस्तु खरिद गर्दा सो खरिदको भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८९(१) बमोजिम अग्रिम कर निर्धारण गरेको कार्यालयको निर्णय बदर हुने, स्वास्थ्य उपचार खर्चको रकम कर्मचारी स्वास्थ्य उपचार वापतको रकम कर्मचारी पारिश्रमिक आयमा समावेश भए नभएको यकिन गरी नभएको भए सो रकम सम्बन्धित कर्मचारीको पारिश्रमिक आयमा समावेश गरी नियमानुसार पुनः अग्रिम कर निर्धारण गर्नुपर्ने, करदाताले घर भाडाको अग्रिम कर दाखिला गरिसकेको हुँदा थप माग गर्न नमिल्ने भनी तथ्य तथा प्रमाण कार्यालयमा पेश गरेको नदेखिंदा जिकिर पुग्न नसक्ने, करदाताले अग्रिम करमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाएको मिलेन भनी लिएको जिकीर सम्बन्धमा उक्त शुल्क लगाएको कानून सम्मत देखिएको हुँदा पुग्न नसक्ने, आयकर ऐन, २०५८ को दफा ९०(८) वमोजिमको सूचनाको जवाफ पेश गर्ने म्याद थप गर्ने कानूनी तथा बाध्यकारी व्यवस्था ऐनमा नरहेको हुँदा ऐनमा भएको व्यवस्था र सो ऐनले दिएको अधिकार बमोजिम कार्यालयले कर निर्धारण गरेको देखिंदा सुनवाईको मौका नदिई कर निर्धारण गरेको भनी लिएको जिकिर पुग्न नसक्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।०७ मा भएको निर्णय।

७. पारिश्रमिक करको खर्चमा अग्रिम कर निर्धारण गरेको सम्बन्धमा, सेवा शुल्क अमान्य गरेको सम्बन्धमा, घर भाडाको अग्रिम कर दाखिला गरेको रकममा कम भएको भनी नपुग रकम माग गरेको सम्बन्धमा, आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क समेत हुने गरी ठूला करदाता कार्यालयबाट भएको अग्रिम कर

निर्धारण आदेश र सोलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय त्रुटीपूर्ण भएको हुँदा बदर गरी पाँउ भन्ने समेत व्यहोराको करदाता नेपाल पर्यटन बोर्डले यस न्यायाधिकरणमा मिति २०७७।०७।१६ मा दर्ता गरेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दाफा १४०(३) बमोजिम छ्लफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने मिति २०८०।०१।२९ मा यस न्यायाधिकरणबाट भएको आदेश।

**<u>ठहर खण्ड</u>**

९. नियम बमोजिम पेसी सूचिमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदन पत्र सहितको मिसल अध्ययन गरी प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री तारा सिंह धामी र विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरू कार्यालयबाट भएको अग्रिम कर निर्धारणको आदेश र सो आदेशलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानूनसम्मत नै रहेको देखिँदा सदर गरी पाऊँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१०. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, प्रत्यर्थी कार्यालयबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय ललितपुरबाट करदाताको हकमा अग्रिम कर माग गर्ने गरी भएको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

११. पुनरावेदक करदाताको पहिलो पुनरावेदन जिकीर हेर्दा, करदाताले पारिश्रमिक शिर्षकमा माग भएको कर दाखिला गरिसकेको हुँदा पुनः माग गर्न नमिल्ने भनि जिकीर लिएको देखिन्छ। ठूला करदाता कार्यालयले करदाताबाट अग्रिम कर कट्टी भुक्तानीमा कर कट्टी गरेको रकम दाखिला गर्दा पारिश्रमिक कर रु.३३,३७,४७९।— मध्ये रु.२१,२१,००४।१० दाखिला गरेकोले नपुग रकम रु.१२,१६,४७४।९० अग्रिम कर र सोको व्याज समेत गरी अग्रिम कर माग गरेको देखियो। करदाताले पारिश्रमिक भुक्तानीमा नपुग अग्रिम दाखिला सम्बन्धमा दाखिला गरेको भौचर, विवरण र प्रमाण पेश गर्न सकेको देखिएन। यस स्थितिमा पारिश्रमिक भुक्तानीमा अग्रिम दाखिला गर्नुपर्ने नपुग रकम रु.१२,१६,४७४।९० अग्रिम कर र सो मा कानून बमोजिमको व्याज समेत गरी अग्रिम कर माग गरेको शुरु निर्णय मिलेकै देखिंदा अन्यथा भन्न मिलेन।

१२. पुनरावेदक करदाताको पुनरावेदन दोस्रो जिकीर हेर्दा, करदाताले पर्यटन सेवा शुल्क असुल तथा संकलन कार्यविधि, २०६६ अनुरुप वीजक जारी गरिएको १५ दिन भित्रमा सेवा शुल्क सम्पूर्ण भुक्तानी गरेमा एयरलाइन्सलाई छुट दिएको रकममा अग्रिम कट्टी गर्नु नपर्ने भनी जिकीर लिएको देखिन्छ। शुरु करदाता कार्यालयले एयरलाइन्सलाई बीजक जारी नगरी छुट दिएको रकममा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम अग्रिम कर माग गरेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा ८८ उपदफा (१) मा "बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, विक्री वोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। करदाताले पर्यटन सेवा शुल्क असुल संकलन कार्यविधि अनुसारको समयमा भुक्तानी गर्दा पाएको थप सुविधा उक्त कार्यविधि बमोजिमको शर्त पुरा नगर्ने सबै खरिदकर्ताले पाउने अवस्था रहँदैन। अतः व्यवसायको सिलसिलामा व्यवसायको शर्तहरुको उत्कृष्ट कार्यसम्पादन तथा पालना गरी प्राप्त गरेको अतिरिक्त रकममा त्यस्तो रकम भुक्तानी गर्नेले आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम पन्ध्र प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नुपर्ने हुँदा उक्त रकममा अग्रिम कर माग गर्ने गरी ठूला करदाता कार्यालय, ललितपुरबाट भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेकै देखियो।

१३. पुनरावेदक करदाताको तेस्रो पुनरावेदन जिकीर हेर्दा, करदाताले घर भाडाको अग्रिम कर दाखिला गरिसकेको हुँदा थप माग गर्न नमिल्ने भनी जिकीर लिएको देखिन्छ। ठूला करदाता कार्यालयबाट घर भाडा शिर्षकमा भुक्तानी गरेको रकममा अग्रिम कर दाखिला गरेको रकम कम भएको हुँदा नपुग रकम रु.२,५१,८५०।६७ मात्र माग गरेको देखिन्छ। करदाताले उक्त रकम दाखिला गरेको भनी जिकीर लिएको भए तापनि सो रकम कर कार्यालयमा दाखिला गरेको भन्ने तथ्य, भौचर र प्रमाण पेश गरेको देखिएन। यस स्थितिमा घर भाडा भुक्तानीमा नपुग रकम अग्रिम कर माग गर्ने गरी ठूला करदाता कार्यालय, ललितपुरबाट भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेकै देखिंदा अन्यथा भन्न मिलेन।

१४. पुनरावेदक करदाताको अन्तिम पुनरावेदन जिकीर हेर्दा, करदाताले अग्रिम करमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाएको मिलेन भनी जिकीर लिएको देखियो। आयकर ऐन, २०५८ को दफा १२० मा "कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुठ्ठा वा भ्रमपूर्ण विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई वा सो विवरणबाट उल्लिखित जानकारी भ्रमपूर्ण हुन

गएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्नेछ"भन्ने कानुनी व्यवस्था गर्दै खण्ड (क) मा "जानाजानी वा लापरवाहीपूर्वक गरेको नभई भूलवश झुठ्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत" भन्ने कानुनी व्यवस्था गरिएको पाईयो। यो व्यवस्था करदाताले झुठ्ठा वा भ्रमपूर्ण विवरण दाखिला गरेको प्रष्ट भएमा त्यस वापत जरिवाना सरह लाग्ने शुल्क देखिन्छ। आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) मा "तथा अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानीमा कर कट्टी नगरेकोमा दफा १२० वमोजिमको शुल्क समेत" भन्ने अंश आर्थिक ऐन, २०७७ बाट मात्र थप भएको देखिन आयो। यसरी अग्रिम कर कट्टी गर्ने भुक्तानीमा दफा १२० को शुल्क लाग्ने कानुनी व्यवस्था मिति २०७७।४।१ मा प्रारम्भ हुनु भन्दा अघिको आ.व. २०७१/०७२ को हकमा मिति २०७६।०३।०५ मा अग्रिम कर माग गर्दा दफा १२०(क) को शुल्क समेत गणना गरी कर निर्धारण गरेको आदेशमा कानुनको पश्चातदर्शी असर (Retrospective Effect) पर्ने गरी प्रयोग गरेको त्रुटी समेत विद्यमान देखिँदा सोहद सम्म उक्त निर्णय न्यायोचित देखिएन।

१५. तसर्थ माथि विवेचित आधार र कारणबाट करदाता नेपाल पर्यटन वोर्ड (स्थायी लेखा नं.५०००५२५६९) को आ.ब २०७१/०७२ को ठूला करदाता कार्यालयबाट मिति २०७६।०३।०५ मा आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर माग गर्दा सोही ऐनको दफा १२०(क) बमोजिम शुल्क समेत गणना गरेको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।०७ मा भएको निर्णय समेत सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ। करदाताको अन्य पुनरावेदक जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

## <u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम करदाता नेपाल पर्यटन वोर्ड (स्थायी लेखा नं.५०००५२५६९) को आ.ब २०७१/०७२ को ठूला करदाता कार्यालयबाट मिति २०७६।०३।०५ मा आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर माग गर्दा सोही ऐनको दफा १२०(क) बमोजिम शुल्क समेत गणना गरेको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।०७ मा भएको निर्णय समेत सो हदसम्म मिलेको नदेखिइ केही उल्टी हुने ठहरेकोले सो वापतको रकम करदाताले फिर्ता पाउने हुँदा रकम हिसाब गरी करदातालाई फिर्ता दिनु वा

आगामी आ.ब.को हिसाबमा मिलान गर्नु भनी ठूला करदाता कार्यालयमा लेखी पठाईदिनू।

२. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।

३. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

४. प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी शुरु मिसिल ठुला करदाता कार्यालयमा पठाईदिनू।

५. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा पठाई रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
शाखा अधिकृतः-पाल्साङ्ग लामा
इति सम्बत् २०८० साल असार ३ गते रोज १ शुभम्---------------------
प्रमाणीकरण गर्नेः-
प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौंको छाप